आज मिति २०७६ साल कात्तिक महिनाको ०४ गते सोमवार दिनको १.०० बजे मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा निम्न अनुसार उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

| सि.न | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरि नारायण महतो | |
| २ | उप प्रमुख | तारा कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष (२) | विहारी महतो | |
| ५ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरि खदाल | |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त वहादुर बलम्पाकी | |
| ९ | वडा अध्यक्ष (७) | युबराज उप्रती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष (९) | दिपकजंग थापा | |
| १२ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| १३ | वडा अध्यक्ष (११) | वेद वहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी महतो | लक्ष्मी |
| १५ | ,, ,, | ठेट कुमारी दहाल | |
| १६ | ,, ,, | रेणु हेन्जन | |
| १७ | ,, ,, | सीता भित्रीकोटी | सीता |
| १८ | ,, ,, | अनिता परियार | अनिता |
| १९ | ,, ,, | राजदेव ठाकुर | राजदेव ठाकुर |
| २० | ,, ,, | गुलाब ठाकुर | गुलाब |
| २१ | ,, ,, | देवी वहादुर तोलांगे | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत( सचिव) | राम कुमार कार्की | |
| | **सहयोगी कर्मचारीहरु** | | |
| १ | केशब कुमार अधिकारी | अधिकृत सातौं (शा.अ.) | Keshav |
| २ | शिव शंकर प्रसाद सिंह | सहायक पाँचौ (ना.सु.) | |
| ३ | जिना लामा | सहायक चौथो | |

# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको बैठकको
## प्रस्ताव तथा निर्णयहरु
### मिति २०७६।०७। ०४

### बैठकका प्रस्तावहरु

प्रस्ताव नं. १ :- विद्युतीयकरण सम्बन्धमा ।

प्रस्ताव नं. २ :- चियापान कार्यक्रम आयोजना गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ :- बाढीपीडितका लागि राहत वितरण सम्बन्धमा ।

प्रस्ताव नं. ४ :- बालकोष सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ :- विषयगत तथा शाखागत बैठकमा अन्य कार्यलयबाट आउने प्रतिनिधि तथा कर्मचारीहरुलाई इन्धन सुविधा दिने सम्बन्धमा ।

प्रस्ताव नं. ६ :- समपूरक तथा विशेष अनुदानको लागि आयोजना/कार्यक्रम छनौट गरी राष्ट्रिय योजना आयोगलाई प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ :- कर्मचारीहरुलाई प्रोत्साहन भत्ता कामको आधारमा उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. ८ :- नगर स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको मिति २०७६/०७/०४ गतेको बैठकको निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ९ :- गत आ.व.को लागत सहभागीता फिर्ता सम्बन्धमा ।

प्रस्ताव नं. १० :- विविध सम्बन्धमा ।

६८.

# बैठकका निर्णयहरु

**निर्णय नं १ :-**

प्रस्ताव १ माथि छलफल गर्दा नेपाल विद्युत प्राधिकरण, महेन्द्रनगर शाखाबाट प्राप्त पत्र अनुसार मिथिला नगरपालिका क्षेत्र भित्र विद्युत उपलब्ध हुन नसकेका टोल बस्ती के कति छन् उल्लेख गरी पठाउन भनी लेखी आए अनुसार सबै वडाले ३(तीन) दिन भित्र विद्युत नपुगेको टोल बस्ती उल्लेख गरी अनुमानित रकम सहित ३ दिन भित्र नगर कार्यपालिकाको कार्यालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं २ :-**

प्रस्ताव २ माथि छलफल गर्दा चियापान कार्यक्रमको लागत स्टिमेट तयार गरी बढिमा रु ५,००,०००।०० मा नबढ्ने गरी खर्च हुने गरी कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :-**

प्रस्ताव ३ माथि छलफल गर्दा २०७६ साल असार २६ देखि ३० गते आएको अविरल वर्षाको कारण क्षेति भएको विवरण जाँचबुझ गरी क्षेति अनुसार विपन्न वर्गलाई विपद् व्यवस्थापन कार्यविधिको आधारमा उल्लेख भएको रकम अनुसार क्षेति उपलब्ध गराउने निर्णय गरियो । साथै अविरल वर्षाको कारण सडक बाटो भत्केको वगाएकोले मर्मतसम्भारमा लागेको खर्च वडाको सिफारिसमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ४ :-**

प्रस्ताव ४ माथि छलफल गर्दा आपतकालीन एवं जोखिम अवस्थामा रहेका बालबालिकाको संरक्षणका लागि बाल कोष सञ्चालन कार्यविधि, २०७६ अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :-**

प्रस्ताव ५ माथि छलफल गर्दा विषयगत तथा शाखागत बैठकमा अन्य कार्यालयबाट आउने प्रतिनिधि तथा कर्मचारीहरुलाई लगबुक भरी फाँटवालाको सिफारिसमा इन्धन सुविधा दिने निर्णय गरियो ।

**निर्णय नं ६ :-**

प्रस्ताव ६ माथि छलफल गर्दा मिति २०७६/०६/०७ मा राष्ट्रिय योजना आयोगबाट समपूरक तथा विशेष अनुदान आयोजन/कार्यक्रममा यस मिथिला नगरपालिकाबाट समपूरक तर्फ नगरपालिका भवन निर्माण, मि.न.पा. १० रिङ्गरोड सडक निर्माण र मि.न.पा. १,६ र ७ को रिङ्गरोड सडक निर्माण आयोजना सिफारिस गरियो। साथै विशेष अनुदान तर्फ आधुनिक तरिकाले फोहोरमैला व्यवस्थापन र खानेपानी आयोजना/कार्यक्रम तर्फ फोहरमैला व्यवस्थापन स्थलको निर्माण गर्न प्रस्ताव गर्ने र अनलाईन ईन्ट्री गर्ने निर्णय गरियो ।

सीता

अनिता

**निर्णय नं ७ :-**

प्रस्ताव ७ माथि छलफल गर्दा कार्यालयमा कार्यरत स्थायी, अस्थायी, ज्यालादारी कर्मचारीहरुलाई यस भन्दा अगाडि निश्चित प्रतिशतले प्रोत्साहन भत्ता तोकिएकोमा अब आइन्दा तपसिल बमोजिम हुने गरी कार्यालयको कामकाज गरेमा नगरपालिकाबाट प्रोत्साहन/स्थानीय भत्ता दिने निर्णय गरियो ।

- कार्यालय समय ( १० बजे अगाडी र ५ बजे पछाडी, कार्तिक १६ गते देखि माघ १५ गतेको हकमा बेलुका ४ बजे पछि) काम गरे बापत प्रोत्साहन/स्थानीय/अतिरिक्त समय) भत्ता दिने ।
- सुविधा: मासिक तलबको अनुपातमा आधारित हुने ।
- मासिक तलबभत्तालाई २५ दिन उपस्थिति कार्य दिन मानी भाग गरी दैनिक सरकारी कार्मचारीले काम गर्नु पर्ने घण्टाले भाग गरी प्रोत्साहन/स्थानीय भत्ता दिने ।अतिरिक्त भत्ता दिने (मासिक तलबभत्ता/(२५*७))
- हुन आउने घण्टाको रकमको (१.५ प्रतिसत) डेड गुणाले हिसाब गरी रकम भुक्तनी दिने ।
- उपस्थितिको आधार विद्युतीय हाजिरी हुनेछ ।
- कामको दैनिक प्रगति विवरण शाखा प्रमुख वा निकटतम अधिकारीबाट प्रमाणित गरी भुक्तानीको लागि कार्यप्रगति प्रतिवेदन पेश गर्नु पर्ने ।
- वडाको हकमा वडा अध्यक्षले प्रमाणित गर्ने ।

**निर्णय नं ८ :-**

प्रस्ताव ८ माथि छलफल गर्दा नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको मिति २०७६/०७/०४ गतेको बैठकको निर्णयहरु अनुमोदन गरियो ।

**निर्णय नं ९ :-**

प्रस्ताव ९ माथि छलफल गर्दा गत आ.व. ०७५/०७६ मा निर्माण कार्य सम्पादन गर्ने उपभोक्ता समिति, गैर सरकारी संस्था, अन्य संघ संस्थाहरुले लागत सहभागिता वापतको बाँकी रहेको बैंक भाउचर अनुसार जाँचबुझ गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं १० :-**

- प्रस्ताव १० माथि छलफल गर्दा मि.न.पा.९ मा रहेको श्री बेंगाडावर युवा क्लवलाई बेंगाडावर गोल्डकप फुटवल प्रतियोगिता गराएको हुनाले अनुदान आर्थिक सहयोग वापत रु. १,५०,०००।०० ( अक्षरेपी एक लाख पचास हजार मात्र) दिने निर्णय गरियो ।

60.